प्रदेश सरकार

लुम्बिनी प्रदेश

उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय

उद्योग वाणिज्य तथा उपभोक्ता संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

सिद्धार्थनगर रुपन्देही

प.सं. २०७७।०७८

च.नं. ४८५९

मितिः २०७७।११।१६

विषयः सहभागिहरुको विवरण पठाईदिने सम्बन्धमा ।

श्री १६ वटै स्थानिय तह, रुपन्देही ।

प्रस्तुत बिषयमा उद्योग वाणीज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, लुम्विनी प्रदेश सिद्धार्थनगर, रुपन्देही को बुद्धकालिन र बुद्ध संस्कृतिमा आधारित काष्ठकला, मुर्तीकला , थान्का पेन्टिङ र नेचुरल फाईबर बिषयको तालिम संचालन सम्बन्धी च.नं. २९७ मिति २०७७।११।५ को पत्र तथा सुचना यसैसाथ संलग्न छ उक्त सुचनाअनुसार त्यहाँ स्थानिय तहमा माथी उल्लेखित बिषयहरुमा तालिम लिन इच्छुक सहभागी भएमा २०७७।११।२३ भित्र तालिम लिन ईच्छुक सहभागिहरुको नामावली र तालिमको बिषयसहितको विवरण संकलन गरी यस कार्यालयमा पठाईदिनुहुन अनुरोध छ ।

बोधार्थः

श्री उद्योग वाणीज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,

लुम्विनी प्रदेश सिद्धार्थनगर, रुपन्देही

(लक्ष्मण लम्साल)

कार्यालय प्रमुख

अफिस ☎ ०७१५२३५१९
निर्देशक ९८५७०१७०८९
सू.अ. ९८१६५७२७५८

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# उद्योग, बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

सिद्धार्थनगर, रुपन्देही

प.सं. : २०७७/०७८
च.नं. : २८६

मिति : २०७७/११/०५

विषय : निवेदन र विवरण संकलन बारे ।

श्री घरेलु तथा साना उद्योग कार्यालय
कपिलवस्तु ।
श्री घरेलु तथा साना उद्योग कार्यालय
रुपन्देही ।
श्री घरेलु तथा साना उद्योग कार्यालय
नवलपरासी (ब.सु.प.) ।

प्रस्तुत विषयमा यस उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको चालु आ.व.२०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम बुद्दकालिन र बुद्द संस्कृतिमा आधारित काष्ठकला, मूर्तिकला, थान्का पेन्टिङ र नेचुरल फाइबर विषयको तालिम संचालन सम्बन्धी सूचना यसैसाथ संलग्न राखी पठाइएको छ । उक्त सूचना कार्यालयको सूचना पाटीमा टाँस गर्ने र त्यस जिल्लाका सबै स्थानीय तहहरुमा पठाई प्रचार प्रसार गर्नुका साथै संकलित निवेदनहरु मिति २०७७/११/२५ गते सम्ममा यस निर्देशनालयमा पठाइ दिनु हुन अनुरोध छ ।

भीम बहादुर कुँवर
**निर्देशक**

# सूचना ! सूचना !! सूचना !!!

यस उद्योग, बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, रुपन्देहीको वार्षिक कार्यक्रम अनुसार बुद्दकालिन र बुद्द संस्कृतिमा आधारित काष्ठकला, ललितकला र मुर्तिकला सम्बन्धी कलाकार उत्पादन गर्ने कार्यक्रम अन्तर्गत तपसील बमोजिमका तालिमहरु संचालन गरिने भएकाले उक्त तालिम प्राप्त गरी स्वरोजगार हुन चाहने व्यक्तीहरुले निवेदन दिनु भई तालिममा सहभागी हुने अवसरको फाइदा लिनु हुन सम्बन्धित सबैको जानकारीका लागि पुन : यो सूचना प्रकासित गरिएको छ ।

तपसील :

संचालन हुने तालिम र जिल्ला :

१) काष्ठकला - नवलपरासी जिल्लामा

२) मुर्तिकला - कपिलवस्तु जिल्लामा

३) चित्रकला - रुपन्देही जिल्लामा

४) थान्का पेन्टिङ - रुपन्देही जिल्लामा

५) नेचुरल फाइबर - रुपन्देही जिल्लामा

तालिममा सहभागी हुन आवश्यक शर्तहरु :

- १६ वर्ष पूरा भइ ४० वर्ष ननाघेको ।
- नेपाली नागरिक हुनुपर्ने ।
- साधारण लेखपढ गर्न सक्ने हुनुपर्ने ।
- तालिम पश्चात व्यवसाय संचालन गर्ने लिखित प्रतिवद्धता पेश गरेको ।
- पहिले देखि नै सम्बन्धित विषयको कार्य गरिरहेका र गरीब महिला, आदिवासी जनजाती, दलित तथा मधेसी समुदायलाई प्राथमिकता दिइनेछ ।

निवेदन दिने मिति, समय र स्थान :

अन्तिम मिति : २०७७।११।२१ गतेसम्म (कार्यालय समयभित्र) ।

स्थान : उद्योग, बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, भैरहवा, रुपन्देही/घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तु/घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही/घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी ।

द्रष्टव्य :

थप जानकारीका लागि ०७१५२०३०४, ०७१५२३५१९ र ९८६३२८०१७३ मा सम्पर्क गर्नुका साथै www.iccwd.p5.gov.np मा हेर्न सकिने छ ।

निर्देशक